# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ढोरचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८१/०४/२९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. स्थानीय दररेट स्वीकृति सम्बन्धमा ।
२. कर्मचारीको पदमुक्त सम्बन्धमा ।
३. कर्मचारी भर्ना सम्बन्धमा ।
४. मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत सम्वन्धमा ।
५. आर्थिक सहायता सम्वन्धमा ।
६. जग्गा प्राप्ति सम्बन्धमा ।
७. विविध ।

**प्रस्ताव नं १ स्थानीय दररेट स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं १:**
आर्थिक वर्ष २०८१/८२ का लागि सिद्ध कुमाख गाउँपालिका अन्तर्गत स्थानीय दररेट सम्बन्धमा देहाय बमोजिम गर्ने ।

**क)** आर्थिक वर्ष २०८१/८२ मा हुने निर्माण तथा सामाग्री खरिद सम्बन्धी कामका लागि प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा रहेको जिल्ला दर रेट निर्धारण समिति द्धारा तयार गरेको दर रेटलाई मुख्य आधार मानी योजनाको लागत स्टिमेट तयार गर्ने निर्णय गरियो ।

**ख)** आर्थिक वर्ष २०८१/८२ का लागि कार्यालयमा खरिद हुने एलोप्यथिक, आयुर्वेदिक र पशु सेवा सम्बन्धी औषधीको आपुर्तिकर्ता मार्फत चलनचल्ती अनुसारको दररेट माग गरि औषत मुल्याङकनको आधारमा सम्बन्धित शाखाबाट तयार गरि पेश गरेको दररेटलाई मुख्य आधार मानी लागत स्टिमेट तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ करार कर्मचारीको पदमुक्त सम्बन्धमा ।**

**निर्णय नं २:**
गाउँपालिकामा हाल सम्म कामकाज गर्दै आएका देहायको करार कर्मचारीहरुको गत आ.व. २०८०/८१ को कार्य सम्पादन सन्तोषजनक नभएकोले निजहरुलाई निर्णय भएको मितिबाट लागु हुने गरि पद मुक्त गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १. | सन्तोष बोहरा | कार्यालय सहयोगी | श्रेणी विहिन | |
| २. | बिष्णु बोहरा | हल्का सवारी चालक | श्रेणी विहिन | एम्बुलेन्स चालक |

**प्रस्ताव नं ३ करार कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ३:**
गाउँपालिका अन्तर्गत कार्यालय तथा शाखाहरुमा कामकाज गर्न केहि कर्मचारीहरु आवश्यक परेकोले देहायका पद तथा संख्यामा सम्बन्धीत तह/श्रेणीको अन्य कर्मचारी सरहको सेवा सुविधा पाउने गरि करार कर्मचारी भर्ना प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| क्र.सं. | पद | तह/श्रेणी | संख्या | काम गर्नु पर्ने संस्था |
|---|---|---|---|---|
| १. | अ.हे.व. | चौथो तह | १ | आधारभुत स्वास्थ्य केन्द्र माझखर्क |
| २. | अ.न.मी. | चौथो तह | १ | आधारभुत स्वास्थ्य केन्द्र माझखर्क |
| ३. | ना.प्रा.स.(कृषि) | चौथो तह | १ | वडा नं १ को कार्यालय |
| ३. | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | आधारभुत स्वास्थ्य केन्द्र माझखर्क |
| ४. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | गाउँपालिका र आयुर्वेद तर्फ |
| ५. | हल्का सवारी चालक | श्रेणी विहिन | १ | गाउँपालिका एम्बुलेन्स |

**प्रस्ताव नं ४ मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ४:**
**"सिद्ध कुमाख गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१"** सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ आर्थिक सहायत सम्वन्धमा।**

**निर्णय नं ५:**
सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | काली रोका | सिद्ध कुमाख ५ सल्यान | टाउकोको पक्षघात भइ उपचार भैरहेको | रु १५ हजार |

**प्रस्ताव नं ५ निशुल्क जग्गा प्राप्ति सम्वन्धमा।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं ५ माझखर्कमा आधारभुत स्वास्थ्य केन्द्र संचालन गर्ने गाउँपालकाको निर्णयका आधारमा आव्हान गरेको सुचना बमोजिम उक्त संस्था स्थापना गर्नका लागि निर्धारित स्थानमा देहायको विवरण भएको जग्गा स्थानीय भेला र वडा समितिको निर्णय अनुसार खरिद गर्नु पर्ने भएकोले जग्गाको सरकारी मापदण्ड बमोजिम न्युनतम मुल्याङकित रकममा **सिद्ध कुमाख गाउँपालिका सल्यानको** नामामा दर्ता श्रेष्ता कायम हुने गरी जग्गा खरिद गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | जग्गा दाताको नाम | ठेगाना | जग्गाको विवरण |
|---|---|---|---|
| १. | गेवीराम रेउले | पवननगर-१ दाङ | निजको नाममा दर्ता श्रेष्ता कायम रहेको सिद्ध कुमाख गापा वडा नं ५ माझखर्कमा पर्ने कित्ता नं ७८९ बाट २८९.१० ब.मि. पश्चिम तर्फ र कित्ता नं ७९० बाट २१९.६४ ब.मि.पश्चिम तर्फ गरि जम्मा ५०८.७४ ब.मि. जग्गा कट्टा गरि दिने । |